अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. : ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

प.स. : ०७८/०७९
च.नं. : 1232

मितिः २०७९।०१। २५

**विषयः छात्रवृत्ति वितरण सम्बन्धमा।**

**श्री सामुदायिक विद्यालय सबै**
**अमरगढी नगरपालिका, डडेल्धुरा।**

प्रस्तुत विषयमा अमरगढी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०७८ मा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति शीर्षकमा यस कार्यालयबाट गरिएको निकासा रकम देहाय बमोजिम वितरण गरी मिति २०७९।०२।१५ गते भित्र सोको कक्षागत रुपमा तयार पारेको भरपाई यस कार्यालयमा पेश गर्नहुन अनुरोध छ ।

**देहायः**

(१) छात्रा छात्रवृत्ति कक्षा (१-८) प्रति विद्यार्थी रु. ४००।– का दरले वितरण गर्ने।

(२) दलित छात्रवृत्ति कक्षा (१-८) प्रति विद्यार्थी रु. ४००।– का दरले वितरण गर्ने।

(३) अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति कक्षा (१-१२) प्रति विद्यार्थी परिचयपत्रका आधारमा 'क' वर्गका लागि रु. ४००००।-, 'ख' वर्गका लागि रु. ५०००।-, 'ग' वर्गका लागि रु. ३०००।- र 'घ' वर्गका लागि रु. १०००।– का दरले वितरण गर्ने।

(४) शैक्षिक सत्र २०७८ मा भर्ना भई अध्ययन गरेका विद्यार्थीलाई मात्र छात्रवृत्ति वितरण गर्ने र यसरी वितरण गर्दा जुन विद्यालयमा विद्यार्थीले अध्ययन गरेको हो सोही विद्यालयबाट वितरण गर्ने।

(५) छात्रवृत्ति वितरण गर्दा एकै जना विद्यार्थीलाई दोहोरो नपर्ने गरी वितरण गर्ने।

(६) उल्लिखित दरमा छात्रवृत्ति रकम वितरण गर्दा नपुग हुने रकमका लागि यस कार्यालयमा माग पेश गर्ने।

०७९।०१।२५

(हेमन्त राज पन्त)
शाखा अधिकृत
शाखा प्रमुख



Scanned with CamScanner